मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**लागूऔषध प्रयोग नगरौं**

लागूऔषधको सेवनले,
☞ मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
☞ परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
☞ सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
☞ सामाजिक अपराध र विकृति बढ्छन्,
त्यसैले, लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार बिक्रीवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# यातायातसम्बन्धी ऐन संशोधन गरिनेछः मुख्यमन्त्री लामा

साझाकुरा संवाददाता



हेटौंडा, १७ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले यातायातसम्बन्धी ऐनलाई संशोधन गरिने बताएका छन् ।

नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारणसभा तथा १६ औं अधिवेशनलाई शनिबार हेटौंडामा सम्बोधन गर्दै मुख्यमन्त्री लामाले ऐन संशोधनमार्फत् यातायात व्यवसायीको समस्यालाई समाधान गरिने बताए । सरकारले गर्नुपर्ने कतिपय कामहरु यातायात व्यवसायीले गरिरहेको उनको भनाई छ । मुख्यमन्त्री लामाले रोड परमिट, सवारी जाँचपास र नवीकरणलाई प्रविधिमैत्री बनाउन छलफल अगाडि बढाउन प्रदेश सरकार तयार रहेको जिकिर गरे । मुख्यमन्त्री लामाले बीमालाई व्यवस्थित गर्न सम्बन्धितपक्षसँग छलफल अघि बढाएको बताए ।

दुर्घटनामा परेका व्यक्तिको औषधिउपचारमा सघाउ पुर्‍याउन कोष स्थापना गर्ने तयारीमा प्रदेश सरकार रहेको उनको भनाई छ । मुख्यमन्त्री लामाले ऐन बनाउने कामसँगै बनेका ऐनको कार्यान्वयनमा जिम्मेवार बन्नुपर्ने उल्लेख गरे ।

नागरिकलाई सहज सेवा सुविधा प्रदान गर्न संघसँग सहकार्य गर्न सरकार तयार रहेको उनले बताए । मुख्यमन्त्री लामाले विदेशमा भएको सिस्टम प्रदेशमा पनि कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिएका छन् ।

प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले प्रदेश सरकारको महत्वपूर्ण राजस्वको स्रोत यातायात क्षेत्र रहेको बताए । प्रदेश सरकारले गत आर्थिक वर्षमा यातायात क्षेत्रबाट १३ अर्ब रुपैयाँ भन्दा बढी राजस्व संकलन गरेको उनले जानकारी दिए । प्रदेश सरकारले यातायात क्षेत्रलाई राजस्वको वृद्धिले मात्र नहेरेको मन्त्री महर्जनको दाबी थियो ।

सरकारले यातायात व्यवसायीसँगै यो क्षेत्रमा संलग्न कामदारकर्मचारीको विषयमा पनि योजनाबद्धरुपमा काम गरिरहेको उनले बताए । यातायात क्षेत्रलाई व्यवस्थित ढंगले सञ्चालन गर्न मन्त्रालयले गृहकार्य गरिरहेको उनको भनाई छ । कार्यक्रममा प्रतिनिधि सभाका सांसद् विन्दावासिनी कसांकार, संविधानसभा सदस्य अनन्त पौडेल, प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँ, प्रेमबहादुर पुलामी, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटलगायतले यातायातसम्बन्धी समस्या समाधान गर्न आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताएका छन् ।

**"मुलुक संघीयता गएपनि सवारी दर्ता गर्ने पद्धतिमा परिवर्तन आउन सकेन"**

नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठले मुलुक संघीयता गएपनि सवारी दर्ता गर्ने पद्दतिमा परिवर्तन आउन नसकेको बताएका छन् ।

संघको शनिबार भएको ३६ औं साधारणसभा एवम् १६ औं अधिवेशनमा अध्यक्ष श्रेष्ठले विगतमा अञ्चलमा दर्ता भएका सवारीलाई प्रादेशिकीकरण गर्न समस्या भएको बताए । साविक अञ्चलमा दर्ता भएका सबै सवारी साधनलाई प्रदेशको संरचनामा दर्ता गर्ने वातावरण सिर्जना गर्नुपर्ने उनको भनाई छ । भारतीय मालबाहक सवारी नेपालमा निर्वाध ढंगले चल्ने गरेको तर, नेपाली सवारीसाधन भारतीय सीमावर्ती क्षेत्रमा २-३ किलोमिटर भन्दा जाने अनुमति नभएकोमा उनले असन्तुष्टि व्यक्त गरे ।

भारतीय सवारी साधनलाई समेत नेपालको सीमावर्ती सहरसम्म मात्र आउनपाउने व्यवस्था गर्नुपर्ने उनको भनाई छ । अध्यक्ष श्रेष्ठले रोडपर्मिट दिनेकार्य अन्यन्तै झण्झटिलो भएको गुनासो गरे । 'हेटौंडा-सिन्धुली-धरान सडक, हेटौंडा-ठिंगन-काठमाडौं कान्तिलोकपथ खण्डमा पर्मिट नदिएका कारण सडकमा चल्ने सवारी दुर्घटना भएको अवस्थामा बीमादाबी लगायतमा समस्या छ' उनले गुनासो गरे ।

अध्यक्ष श्रेष्ठले बीमा ऐनलाई समयसापेक्ष रुपमा संशोधन गर्नुपर्ने बताए । २०६६ मा जारी भएको बीमा ऐन अहिलेसम्म परिवर्तन नहुँदा दुर्घटनामा घाइतेको उपचारमा समस्या भएको उनको भनाई छ । '२०६६ को ऐनले घाइतेको उपचारमा ३ लाख रुपैंयाँ उपलब्ध गराउने भनिएको छ तर, जटिल अवस्थाका घाइतेको उपचार खर्च ५० लाख रुपैंयाँभन्दा बढी हुने गरेको छ' उनले भने ।

अध्यक्ष श्रेष्ठले राजमार्गमा सुरक्षा चेकजाँचको नाम चालकलाई असहज भएको बताए । चालकलाई दु:ख दिने भन्दा पनि सहजीकरणको आवश्यक भएको उनको भनाई छ । राजमार्गमा सवारी सञ्चालन गर्ने क्रममा राष्ट्रिय अन्तर्राष्ट्रिय नियम कानुनका बारेमा सवारी चालकलाई सहजीकरण गरिनुपर्ने उल्लेख गरे । कार्यक्रममा संघले हेटौंडामा मुख्यालय रहेको मानवसेवा आश्रमलाई हरेक साधारणसभामा सहयोग गर्दै आएकोमा यो वर्ष नगद ५१ हजार रुपैयाँ सहयोग गरेको छ ।

त्यस्तै लामो समयदेखि दुर्घटना नगराउने पाँचजना चालकलाई जनही नगद १० हजार रुपैयाँ सहित सम्मान गरिएको छ । हेटौंडाका अर्जुन भुर्तेल, ध्रुवलाल श्रेष्ठ, काठमाडौंका सुरेश श्रेष्ठ, चितवनका भोला थापा र रौतहटका रामपुकार रायलाई सम्मान गरिएको हो । साधारणसभामा नेपाल मेडिसिटी अस्पताल काठमाडौंका विशेषज्ञ डाक्टरको टिमले व्यवसायीको नि:शुल्क स्वास्थ्य परीक्षण गरेको थियो ।

# कैलाश गाँउपालिकाको लगानीमा निर्मित जीपलाइनको परीक्षण

साझाकुरा संवाददाता



हेटौंडा, १७ फागुन/ मकवानपुरको कैलाश गाउँपालिका-२ बैकुण्ठमा नवनिर्मित कैलाश-बैकुण्ठ जीपलाइनको पहिलोचरणको परीक्षण भएको छ ।

जीपलाइनका प्राविधिक टोली सहित गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तान, वडा नम्बर २ का वडाअध्यक्ष राजेन्द्र घिसिङ, योजना शाखाप्रमुख नरेन्द्रदत्त भट्ट, ईन्जिनियर अनिल जोशीलगायतको टोलीले पहिलोचरणको परीक्षण गरेका हुन् । सञ्चालनको अन्तिम तयारीमा रहेको जीपलाइन कैलाश गाउँपालिकाको बजेटबाट निर्माण गरिएको हो । मुलत: यो स्थानीय तहकै लगानीमा बनेको नेपालकै पहिलो जीपलाइन हो ।

स्थानीय सरकार सञ्चालन ऐनको एकलअधिकारभित्र नपरेको अवस्थामा गाउँपालिका राष्ट्रिय महासंघका कार्य सम्पादन समितिका सदस्य रहेका कैलाश गाउँपालिका अध्यक्ष मुक्तानले पर्यटन पर्यावरणको प्रवर्द्धनमा यस खालका विकास स्थानीय तहको एकलअधिकारभित्र हुनुपर्छ भन्ने प्रस्ताव राखेका थिए । सोहीअनुरुप संघीय सरकार पनि सकरात्मक भएपछि जीपलाइनको निर्माण कार्य सुरु गरिएको उनले बताएका छन् ।

कैलाश र बैकुण्ठका दुई पहाडलाई जोड्दै एक हजार दुई सय मिटर लामो जीपलाइन निर्माण गरिएको अध्यक्ष मुक्तानले बताए । पर्यटन, पर्यावरणको विकासमा कैलाश गाउँपालिका पछि नहटेको बताउँदै उनले जीपलाइन सञ्चालन पछि धादिङ जिल्लाको रोराङ बेनीघाट र गजुरी गाउँपालिका, मकवानपुरका थाहानगर, राक्सिराङ र मनहरी गाउँपालिकाका जीपलाइन पारखीको गन्तव्यस्थल बन्ने उल्लेख गरे ।

धादिङसँग सीमाना जोडिएकाले जीपलाइनस्थल पुग्न बेनीघाट, थाहानगर र मनहरी बजार तीनैक्षेत्रबाट करिब ३३ किलोमिटर सडक सञ्जाल रहेको उनले बताएका छन् । बैकुण्ठमा जीपलाइनसँगै विभिन्न पर्यटकीय पार्कहरु समेत निर्माण भइसकेका छन् । जीपलाइनका लागि फोरजी कम्पनीले आर्थिक वर्ष २०७९/८० मा एक करोड ९० लाख ९७ हजार खर्च लाग्ने सर्वेक्षण गरी गाउँपालिकामा प्रतिवेदन बुझाएको गाउँपालिका योजना शाखाप्रमुख भट्टले बताए । पालिकाले बहुवर्षीय योजना बनाई दुई स्थानमा स्टेशन, ब्रेकिङ सिस्टम (हारनेस) र तार निर्माण गरिएको उनले जानकारी दिएका छन् ।

२०८० माघमा ठेक्का प्रकाशित भएसँगै सन्ध्या निर्माण सेवासँग ८८ लाख ५६ हजार ७ सात६१ रुपैयाँमा ०८१ फागुन मसान्तसम्ममा सम्पन्न गर्नेगरी ठेक्का सम्झौता भएको शाखाप्रमुख भट्टले बताए । जीपलाइनको अघिल्लो आर्थिक वर्षमा ४८ प्रतिशत काम सम्पन्न भएको थियो भने बाकीँ अहिले सम्झौता अनुरुप काम सम्पन्न गरी जीपलाइन सञ्चालनको अन्तिम तयारीमा रहेका उनको भनाई छ । पहिलोचरणमा ब्रेकिङ सिस्टम(सोलोप) सम्बन्धी कार्यको परीक्षण भयो भने दोस्रोचरणको परीक्षण पछि सफल परीक्षण गरिने उनले बताए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७–५९०३३३

# उच्चअदालत बार हेटौंडामा भट्टराई निर्वाचित



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ उच्चअदालत बार एशोसियशन हेटौंडाको अध्यक्षमा पिपीएलएका उम्मेद्वार मनप्रसाद भट्टराई निर्बाचित भएका छन् ।

शनिबार भएको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी डिएलएका हरि प्रसाद भट्टलाई पराजित गर्दै भट्टराई निर्वाचित भएका हुन् । भट्टराईले ३३ मत प्राप्त गर्दा भट्टले ३२ मत प्राप्त गरे । यस्तै उपाध्यक्षमा रामकृष्ण देउला निर्बिरोध निर्वाचित भएका छन् । यस्तै सचिवमा सुजन तिमल्सिना, सहसचिवमा पम्फा पुरी र कोषाध्यक्षमा रिमा प्याकुरेल निर्वाचित भएका हुन् ।

यस्तै सदस्यहरुमा चुडा उप्रेती, हरिहर खतिवडा, घ्रुबसिंह बिष्ट, दीपेन्द्र बानियाँ, केशब अर्याल, एकनारायण शर्मा र गणेश अधिकारी निर्वाचित हुनुभएको निर्वाचन अधिकृत मुकुन्दहरि पौडेलले जानकारी दिएका छन् । यस्तै महिला सदस्य नीशा क्षेत्री निर्बिरोघ निर्वाचित भएका थिए । नयाँ कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ ।

# नैतिक शिक्षा र पूर्वव्यवसायिक शिक्षा अध्यापनको तयारी हुँदैछः मन्त्री खड्गी

साझाकुरा संवाददाता



हेटौंडा, १७ फागुन/ बागमती प्रदेशकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले विद्यालय तहमा नैतिकशिक्षा र पूर्वव्यवसायिक शिक्षा अध्यापनको तयारी भइरहेको बताएकी छिन् ।

शनिबार सार्वजनिक शैक्षिक गुठी विद्यालय संघ बागमती प्रदेश अधिवेशनको उद्घाटन गर्दै मन्त्री खड्गीले २०६२/६३ सालपछि पाठ्यक्रम परिमार्जन हुँदा हटाइएको दुबै विषय पुन: अध्यापन गराउनका लागि प्रदेश सरकारले गृहकार्य थालेको जानकारी दिइन् ।

मन्त्री खड्गीले नैतिक शिक्षा र पूर्वव्यवसायिक शिक्षालाई अनिवार्य विषयकारुपमा लैजाने गरी अध्ययन प्रतिवेदन तयार भइसकेको बताइन् । बागमती प्रदेशका १३ जिल्लामा यी विषय अध्यापन गराउने प्रदेश सरकारले तयारी गरेको उनले उल्लेख गरिन् ।

विद्यार्थीलाई शिक्षाका साथै नैतिकता र व्यावहारिकज्ञान पनि अत्यावश्यक रहेको उनको भनाई छ । सार्वजनिक शैक्षिक गुठी विद्यालय संघ बागमती प्रदेश अध्यक्ष जेएस पौडेलले गुठिद्वारा सञ्चालित विद्यालयलाई राज्यले उपेक्षा गरेको आरोप लगाइन् । सार्वजनिक शैक्षिक गुठी एक गैरनाफामूलक संस्था भएपनि राज्यले कर लिनेगरेको प्रति उनको दुखेसो थियो । सार्वजनिक शैक्षिक गुठी विद्यालयलाई हेरिने दृष्टिकोणमा राज्य स्पष्ट हुनुपर्नेमा उनको जोड थियो । नेपालमा सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालय ५ सय भन्दा बढी रहेका छन् ।

**आजका कलाकारहरु**
☞ दुर्गेश थापा
☞ रमेशराज भट्टराई
☞ सरोज लामिछाने
☞ विनय कुमार कार्की
☞ रमेश श्रेष्ठ
साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्थ पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

**महोत्सवका आकर्षणहरु**
☞ निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞ बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞ सूचना प्रविधि प्रदर्शनी ।
☞ कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞ दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞ शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞ मनोरञ्जनात्मक बाल उद्यान ।
☞ नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# चुनौतीबीच संघको साधारणसभा

नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारणसभा तथा १६ औं अधिवेशन फागुन १७ गते शनिबार हेटौंडामा हुने भएको छ । पुरानै लयमा फर्कने प्रयास गर्दै संघले साधारणसभा र अधिबेशन गर्न लागेको हो । साधारण सभाका दिनमा नेपाल मेडिसिटी अस्पताल काठमाडौंका विशेषज्ञ डाक्टरको टिमबाट ब्यवासयीको स्वास्थ्यपरीक्षण पनि हुने नारायणी यातायात व्यवसायी संघले जानकारी दिएको छ । यातायात ब्यवसायी र ब्यवसायीका परिबारको नि:शुल्क स्वास्थ्य परीक्षण गरिने बताइएको छ । पत्रकार सम्मेलनमा संघले सेवामूलक संस्था भएपनि संघले नेपाल सरकारलाई कर तिर्दै आइरहेको बताइएको छ । अहिले पनि ठूलो रकम (करिव पौने दुई करोड रुपैयाँ) नेपाल सरकारलाई कर तिनुपर्ने र आर्थिक अभाव रहेका कारण जग्गा बिक्री गरेर करचुक्ता गर्ने विषयमा छलफल भइरहेको बताइएको छ । साधारणसभामा भारतीय ट्रकको निर्बाध ढुवानीका कारण नेपाली ट्रक ब्यवसायीले काम पाउन नसकेको, सरकारले सडक ईजाजतपत्र दिने प्रक्रियागत झण्झटका विषयमा छलफल गरिने भएको छ । संघको मुख्य कार्यालयमा संचारकर्मीसँग पञ्जीकरणमा देखिएका समस्या, २०६६ देखि एउटै बीमा ऐनका कारण दुर्घटनामा समस्या परिरहेकोले समयानुकूल परिवर्तन गर्ने विषय, दुर्घटनाका विषयमा छलफल हुने बताए ।

करिव पौने २ करोड रुपैयाँ कर तिर्नुपर्ने भएपछि संघको भौतिक सम्पत्ति बिक्री गरेर मात्रै करचुक्ता गर्न सकिने अवस्था रहेको बताइएको छ । २०७७ चैत्र ७ गते ३५ औं वार्षिक साधारणसभा गरेपछि संघले आगामी फागुन १७ गते शनिबार ३६ औं साधारणसभा गर्ने क्रममा पत्रकार सम्मेलन आयोजना गरेको हो । साधारणसभा तथा अधिवेशन सम्पन्न गर्न संस्था नबीकरण हुनुपर्ने, नबीकरण गर्न करचुक्ता चाहिने, करचुक्ता गर्न भौतिक सम्पत्ति बिक्री नगरी सम्भावना नरहेको जस्तो जटिल अवस्था आएकोले साधारणसभाको म्याण्डेट लिएर रामनगरको जग्गा बिक्री गर्न लागेको बताइएको छ । संघले बिगतका दिनमा मालबाहक सवारीसाधनको भारबहन परीक्षण गर्नका लागि रामनगरमा तौलपुल राख्ने उद्देश्यले जमिन खरिद गरेको थियो । पछिल्ला दिनमा सडकमा सवारी चाप तीब्ररुपमा बृद्धि भएको र सवारी दुर्घटना हुनेबित्तिकै चालकलाई दोष दिने परम्परा कायम भएका कारण यातायात ब्यवसायी समस्यामा परेको बताइएको छ । सवारी साधनको चापका आधारमा सडक फराकिलो बनाउने, दुर्घटनग्रस्त क्षेत्रमा बिभिन्न संकेतहरु प्रयोग गर्ने, आवश्यक स्थानमा चालकलाई रिफ्रेसमेन्ट सेन्टर निर्माण गर्ने लगायतका अभियान सरकारले संचालन गर्नुपर्ने छ । सरोकारवाला यातायात ब्यवसायीलाई पूर्णरुपमा वेवास्ता गरी यातायात व्यवस्था विभागले 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैशाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका सम्पूर्ण संघसंस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो । देशभरका यातायात ब्यवसायसँग सम्बन्धित सम्पूर्ण संघसंस्था तथा समितिहरु एकसाथ खारेज भयो ।

यातायात क्षेत्रमा हुने सवारी दुर्घटनाको सहजीकरण गर्दै आएको संघ खारेज गर्ने कार्यसँग संघको कार्यालयमा धरपकड गर्ने, पदाधिकारीलाई पक्राउ गर्ने जस्ता कदम सरकारले उठाएपछि यातायात ब्यवसायी पीडामा परेका थिए । सरकारले संघको संरचना खारेज गरी बैंक खाता रोक्का गरेपछि साविक नारायणी यातायात व्यवसायी संघको पूर्णबैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले ब्यवसायीको समस्या समाधानको प्रयास गर्दै आएको बताइएको छ । २०७५ फागुन १९ गतेको र ाजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा गैरनाफामूलक कम्पनीका रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । संघको गतिबिधि पुरानो लयमा फर्केपछि साधारणसभा तथा अधिवेशन गर्ने तयारी गरिएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १९ गते सोमबार ३ मार्च २०२५ । चतुर्थी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२८, सूर्यास्त ६:०५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नया् काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# मानिसको वास्तविक नाता के हो ?



✍ प्रेम रावत

म एउटा खबर जान्न चाहन्छु- तपाईंलाई कस्तो छ ? कुशलमङ्गल हुनुहुन्छ या हुनुहुन्न ? मैले यो प्रश्न किन सोधेँ ? यसको पनि एउटा अर्थ छ । प्राय: मानिसहरूले एक-अर्कालाई सोध्ने गर्छन्, 'तपाईंलाई कस्तो छ ?' यो प्रश्न दैनिक जीवनको एउटा सामान्य प्रश्न हो । हामी आफ्ना आफन्तजन, साथीसङ्गी अनि सहकर्मीहरूलाई यही प्रश्न सोध्ने गर्छौं तर हामीले कहिल्यै यो प्रश्नका बारेमा गहिरिएर यसको अर्थ के हो भनेर सोचेका छौं ! यथार्थ कुरा त के हो भने, 'तपाईंलाई मानिसको शरीर प्राप्त भएको छ अनि तपाईं जीवित हुनुहुन्छ ।' यो कुनै आध्यात्मिक वा धार्मिक कुरा होइन तर यो एउटा साधारण भईकन पनि महत्त्वपूर्ण कुरा हो ।

आजकल कैयौं मानिसले आफूलाई भाग्यशाली ठान्दैनन् ! यदि तपाईंले आफ्नो जीवनप्रति ध्यान मोड्नुभयो भने तपाईंले आफू भाग्यशाली रहेछु भन्ने कुराको बोध गर्नुहुनेछ । तपाईंको विचारमा गरिब या धनी हुनु, अग्लो या होचो हुनु, शिक्षित वा अशिक्षित हुनुले निकै अर्थ राख्छ । योभन्दा पनि महत्त्वपूर्ण कुरा के हो भने, तपाईं जीवित हुनुहुन्छ अनि तपाईंसँग यो अनमोल मानिसको शरीर छ । धनी हुनुहुन्छ या गरिब, अग्लो हुनुहुन्छ वा होचो, शिक्षित हुनुहुन्छ या अशिक्षित भन्ने कुराहरूको अर्थ छ तर यो सबै अर्को व्यक्तिसँग जोडिएको कुरा हो । तपाईं जागिरका लागि जाँदै हुनुहुन्छ भने तपाईंले कति पढ्नुभएको छ भन्ने कुरा जान्नु आवश्यक हुन्छ । यदि तपाईं अनपढ हुनुहुन्छ, पढाइलेखाइ आउँदैन भने जागिर पाउन गाह्रो हुन्छ । तर, यसबाट मलाई केही पनि फरक पर्दैन ।

यदि तपाईं पढ्न सक्नुहुन्न भने पनि केही छैन । किनभने, मैले कुरा गरिरहेको किताब पढ्नका लागि आँखाको होइन, फदयको आवश्यकता पर्दछ र त्यो तपाईंसँगै छ । तपाईं अग्लो या होचो हुनुहुन्छ भन्ने कुरा तपाईंकी श्रीमती वा प्रेमिकासँग जोडिएको विषय हो । यदि तपाईंकी श्रीमती एकदमै अग्ली छिन् अनि तपाईं होचो हुनुहुन्छ भने कुराकानी गर्नमा केही कठिनाइ हुन सक्ला तर यो यसै कुरासँग मात्रै सम्बन्धित विषय हो । धनसम्पत्तिको कुरा विशेषत: तपाईंको परिवारसँग जोडिएको हुन्छ । परिवारले त तपाईं कमाउनुहोस्, तिनलाई खुवाउनुहोस्, उनीहरूका लागि घर बनाइदिनुहोस् अनि अरू अत्यावश्यक कामहरू गरिदिनुहोस् भन्ने चाहना राख्छ । यसमध्ये वास्तविक मानिस को हो ? एउटा नाता परिवारसँग हुन्छ ।

अर्को नाता जागिर खाने स्थानसँग हुन्छ । एउटा सम्बन्ध श्रीमतीसँग हुन्छ । प्रेमी वा प्रेमिकासँगको नाता हुन्छ । यी सबै नातासम्बन्धबाहेक मानिसको वास्तविक नाता के हो ? मानिसको वास्तविक सम्बन्ध स्वयंसँग हुन्छ । तपाईंले आफूले आफूलाई चिनेका दिन, ती सृष्टिकर्ता, ती अनन्तलाई चिनेका दिन तपाईंका लागि सबैथोक प्राप्त भयो । उनी तपाईंभित्र छन् भने मात्रै तपाईं जीवित हुनुहुन्छ । उनले छोड्नासाथ तपाईं पनि रहनुहुनेछैन । अत: सबैभन्दा पहिला उनीसँग नाता गाँस्नुहोस् अनि आफ्नो जीवनलाई आनन्दले भर्नुहोस् ।

जेसुकै भइरहेको होओस्, जस्तोसुकै दु:ख होओस्, प्रकृतिमा जेसुकै भइरहेको होओस्, मानिसले चाहँदा त्यस्तो परिस्थितिमा पनि आनन्दका साथ आफ्नो जीवन बिताउन सक्छ । तपाईं आफ्नो जीवनमा के चाहनुहुन्छ ! किनभने, मानिसलाई हरेक कुराको चिन्ताले सताउँछ तर चिन्ता कुन कुराको हुनुपर्छ ? चिन्ता त यही नै हुनुपर्छ, 'जबसम्म म यहाँ जीवित छु, मेरो समय व्यर्थ नजाओस् ।' हामीलाई आफ्नो जिन्दगीमा के कुरा थाहा हुनुपर्छ भने हामीले के गर्नुपर्छ ! मानिसहरू भन्छन्, 'यस्तो गर्नुपर्छ, उस्तो गर्नुपर्छ ।' हामी तिनै कुराका पछि लाग्छौं । तर, त्यसका लागि तपाईंलाई मानिसको शरीर प्राप्त भएको होइन । मानिसको शरीर त कुनै अर्कै प्रयोजनार्थ पाइएको हो । मानिसको शरीर यसकारण पाइएको हो- म आफ्नो समयलाई, आफ्नो जीवनलाई सफल पार्न सकूँ । मैले तपाईंलाई आफ्ना सबै जिम्मेवारीलाई छोडिदिनुहोस् भन्न खोजेको होइन । तर, ती जिम्मेवारीलाई वहन गर्दागर्दै पनि त्यस जिम्मेवारीलाई पनि बुझ्नुहोस्, जसका लागि यो मानिसको शरीर पाइएको छ । ती सारा कुराहरू जे भइरहेका छन्, तिनबाट तपाईं विचलित नहुनुहोस् । वास्तवमा ती कुराहरूले मानिसलाई चिन्तित तुल्याएका हुन्छन् ।

तिनबाट मानिस चिन्तित हुन्छ । तर, तपाईंलाई आनन्द चाहिएको छ । त्यो आनन्द तपाईंभित्रै छ । जुन शक्तिहरू तपाईंसँग छन्, तपाईं तिनलाई बिर्सनुहुन्छ । भ्रमित हुने सबैभन्दा ठूलो कारण मानिसका लागि यही नै हो- जुन कुरा उसलाई थाहा छ, त्यही कुरालाई ऊ बिर्सन्छ । उसले बिर्सेपछि उसलाई यो कुराको ज्ञान हुँदैन- 'अब म के गरूँ !' यदि हामी आफ्नो जीवनमा सचेत भएर अघि बढ्यौं- 'यो मेरो जीवन हो । यो मेरा लागि प्राप्त भएको छ । यदि एक-एक पाइला हामीले सचेत भएर अघि बढायौं भने यो जीवनमा जिम्मेवारीहरू हुँदाहुँदै, समस्याहरू हुँदाहुँदै पनि हामीलाई जीवन जिउँदा आनन्द प्राप्त हुन्छ । कस्तो आनन्द ? यस्तो खालको आनन्द प्राप्त हुन्छ- 'जब मानिसले बुझ्छ, यी जुन समस्याहरू आइरहेका छन्, जसका कारणले म विचलित भइरहेको छु । म भ्रमित हुनु आवश्यक छैन । अनि, यो समस्या पनि अवश्य जानेछ ।'

यस्ता समस्याहरू त आउनेजाने भइर हन्छन् । तर, तपाईं आत्तिनु आवश्यक छैन । तपाईं दु:खी हुनु आवश्यक छैन । तर, एउटा अर्को चीज पनि छ आउने-जाने भइरहन्छ । अनि, जबसम्म त्यस चीजको आवागमन भइरहन्छ, समस्याहरू पनि आउनेछन् अनि जानेछन् । केही समस्यालाई तपाईंले ध्यान दिनुभयो । केही समस्यामा तपाईं निकै दु:खी हुनुभयो । केही समयपछि ती समस्याहरू पनि गए तर एउटा चीज छ- जुन तपाईंभित्र आइरहेको छ अनि गइरहेको छ । जबसम्म त्यो आइरहेको छ र गइरहेको छ तबसम्म सबै कुरा राम्रो हुन्छ । तर, त्यो नआएपछि तपाईंसँग सबैभन्दा ठूलो समस्या हुनेछ । त्यतिखेर तपाईंसँग त्यो समस्या समाधानको कुनै उपाय रहनेछैन ।

कुरा ती समस्याहरूको होइन । त्यो श्वासलाई स्वीकार गर्ने अनि तपाईंभित्र भएको चीजलाई बुझ्ने कुराचाहिँ हो । तपाईं त्यो चीजलाई चिन्नुहोस् । तपाईं त्यो चीजलाई पहिचान गर्नुहोस् । त्यो चीज के हो ! अनि, तपाईंको ध्यान त्यसमा रहुन्जेलसम्म तपाईंको जीवनमा आनन्द हुन्छ । यो जीवन तपाईंका लागि हो । किनभने तपाईं त्यो आनन्दलाई बुझ्न सक्नुहोस् । यो जुन श्वास तपाईंभित्र आइरहेको छ अनि गइरहेको छ । यो पनि यसकारण हो ताकि तपाईंभित्र रहेको त्यो चीजलाई तपाईंले चिन्न सक्नुहोस् ।

किनभने, त्यही नै हुनेछ : जुन माटोबाट तपाईं आउनुभएको थियो, त्यही माटोमा गएर तपाईं मिल्नुहुनेछ ! यो पृथ्वी, तारा, जे जति पनि तपाईं देखिरहनुभएको छ सबै यही माटोबाट बनेका हुन् । तपाईं पनि यही माटोबाट बन्नुभएको छ । यसैबाट आउनुभयो र यहीं गएर मिल्नु छ । यस्तै हुनेछ । चाहे तपाईंले जुनसुकै उपाधि हासिल गर्नुहोस्, तपाईंले जेसुकै गर्नुहोस् तर यस्तै हुनेछ । यस्तै नै भइरहेको छ र पछि पनि हुनेछ । एकदिन यस्तो पनि आउनेछ- तपाईं यहाँ हुनुहुनेछैन । एकदिन यस्तो पनि हुनेछ- यो सारा सृष्टि नै पनि यहाँ रहनेछैन । चन्द्रमा, सूर्य, तारा पनि रहनेछैनन् । तर, आजको सत्य, त्यो वास्तविक सत्य के हो ?- तपाईंभित्र यो श्वास आइरहेको छ अनि गइरहेको छ । के कुरा सिक्नुपर्छ भने यसलाई कसरी स्वीकार गर्ने हो, यसलाई कसरी अपनाउने हो अनि आफ्नो जीवनलाई कसरी सफल तुल्याउन सकिन्छ । यो सिक्नुपर्ने कुरा छ । यदि यस कुरालाई सिक्नुभयो, यसलाई जान्नुभयो भने त सबै कुरा जान्नुभयो । तर, यसलाई जान्नुभएन भने केही पनि जान्नुभएन । केही पनि सिक्नुभएन ।

एउटा सानो कथा छ । एकपटक राजाकहाँ अर्कै देशबाट केही मानिसहरू आए । अनि उनीहरूले भने- 'हामीलाई स्थान दिनुहोस् । हामी आफ्नो घर बनाउन सकौं । घर निर्माण गर्न सकौं । राजाले भने, 'म तपाईंहरूलाई एउटा उदाहरण देखाउँछु । उनले दुई गिलास दूध मगाए । एउटा ठूलो गिलासमा अनि एउटा सानो गिलासमा । उनले सानो गिलासको दूधलाई ठूलो गिलासमा राखे । ठूलो गिलासको दूधमा थपियो तर त्यो त पहिल्यै भरी थियो । त्यसकारण दूध पोखियो । अनि, राजाले भने- 'हाम्रो अवस्था यस्तै छ । यहाँ पहिलादेखि नै ठाउँ भरिभराउ छ । यदि तपाईंका मानिसहरू यहाँ आउनुभयो भने हामी तपाईंलाई कुन स्थानमा राखौं । त्यसकारण तपाईंहरू जानुहोस् ।' त्यहाँबाट आएका मानिसहरूमध्ये पनि एकजनाचाहिँ बुद्धिमान मानिस थिए । उनले भने, 'ठीकै छ ! म तपाईंलाई उत्तर दिन चाहन्छु ।' उनले राजालाई भने, 'एक गिलास दूध र चिनी मगाउनुहोस् ।' उनले त्यो चिनीलाई लिए अनि त्यो दूधको गिलासमा हालेर घोलिदिए । उनले भने, 'हामी यस्तै छौं । हामी चिनी हौं । हामी घोलिएर मिठास भरिदिन्छौं ।' त्यसपछि राजालाई बोध भयो अनि उनले आगन्तुकहरूलाई त्यहाँ बस्ने व्यवस्था मिलाइदिए ।

परिवारमा पनि कहिलेकाहीं सानोतिनो अन्तरविवाद भइहाल्छ । कहिले छोराछोरीसँग कुरा मिल्दैन, कहिले कसैसँग कुरा मिल्दैन । घरमा जति पनि सदस्यहरू छन्, के उनीहरू चिनी बन्न सक्दैनन् ! जसले गर्दा उनीहरूले यो परिस्थितिमा पनि सबैका लागि मिठास ल्याउन सकून् । तीतोपनाका लागि त पूरै जीवन छ, तर यो समय आनन्दपूर्वक अनि बुद्धिमतापूर्वक बितोस् । आफूसँग रहन सिक्नुहोस् । चिन्तामा होइन, आनन्दमा, किनकि मनले त चिन्तातर्फ डोऱ्याउँछ । फदयले चाहिँ आनन्दतर्फ लैजान चाहन्छ । आनन्दको बाटोमा हिँड्नुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आन्तरिक सुरक्षामा एकीकृत अवधारणाको आवश्यकता

✍ शोभाकर बुढाथोकी

मुलुकको राजनीतिक स्थायित्व, लोकतन्त्रको प्रवर्द्धन, नागरिक सुरक्षाको बहाली, कानूनी शासनको प्रत्याभूति, मानवअधिकारको सुनिश्चितता र लोकतन्त्रको संस्थागत विकासमा आन्तरिक सुरक्षाको सबलीकरणले विशेष महत्व राख्दछ । सामान्यतया आन्तरिक सुरक्षालाई देशको सुरक्षा निकायसँग सरोकार राख्ने विषयको रूपमा मात्र हेरिए पनि यथार्थमा यो आम नागरिकको शान्ति, न्याय, सुरक्षा र अधिकारसँग अन्तर सम्बन्धित सवाल हो । मूलत: आन्तरिक सुरक्षालाई सबल राख्नु राज्यको प्रमूख दायित्व हो भने यसको सुनिश्चितताका लागि आम नागरिकको अपनत्व र उनीहरूको सहभागिता अर्थपूर्ण रहन्छ । मुलुकको आन्तरिक सुरक्षामा राज्यको मात्र नभई आम नागरिकको पनि अहम् सरोकार रहने गर्दछ ।

आन्तरिक सुरक्षाको प्रत्याभूति नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएको छ । यसले समाजमा भय र त्रास विना आम नागरिकको बाँच्न पाउने संवैधानिक हक र अन्तर्राष्ट्रिय संयन्त्रहरूले प्रत्याभूत गरेको मानवअधिकारको सुनिश्चित गर्दछ । साथै, मुलुकमा आन्तरिक सुरक्षा मजबुत भएको अवस्थामा देशको भौतिक विकास र समृद्धिका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत पुऱ्याउँदछ भने सुशासनका आधारहरू तयार गर्दछ । यसले राज्यलाई चलायमान बनाउँदछ भने राज्यका सेवाहरू सर्वसाधारण नागरिकहरूमा प्रवाह गर्न सहज बनाउँदछ । आम नागरिकको राज्यमा पहुँच बढाउँदछ । तसर्थ, आन्तरिक सुरक्षाका अवयवहरूलाई सक्षम तथा सबल पार्नमा राज्यले नीतिगत र कार्यगत दुवै तहमा सुधारका प्रभावकारी कदम चाल्नुपर्दछ भने पर्याप्त स्रोत-साधनको व्यवस्था गर्नुपर्दछ ।

आन्तरिक सुरक्षाका आयामहरू पहुपक्षीय हुने गर्दछन् । यसलाई प्रभावित पार्ने पक्षहरू आन्तरिक तथा बाह्य दुवै हुन सक्दछन् । यसको क्षेत्र र प्रभावित पार्ने पक्षहरू अनुमानयोग्य नहुन पनि सक्दछन् । सामान्यतया आन्तरिक सुरक्षाको दायरामा सामान्य चोरी, गुण्डागर्दी, कुटपिट, लुटपाट जस्ता पटके आपराधिक कार्यदेखि हत्या, बलात्कार, अपहरण, यातना, संगठित अपराध, मानव बेचबिखन जस्ता गम्भीर एवं जघन्य अपराध आदि पर्दछन् । पछिल्लो चरणमा वित्तीय अपराध, अन्तरदेशीय तथा सीमा वार पार अपराध, लागूऔषधको कारोबार, अतिवादी समूहका हिंसात्मक क्रियाकलापहरू, साइबर क्राइम जस्ता जटिल स्वरुपका अपराधका कारण विश्व व्यवस्था आक्रान्त भएको छ । यसैगरी जातीय तथा धार्मिक द्वन्द्व, गृह युद्ध, मुक्ति आन्दोलन लगायत राज्यसत्ता, अधिकार, न्याय र स्वतन्त्रताका लागि सञ्चालित राजनीतिक आन्दोलनका अलावा गरीबी, विपन्नता, असमानता, बहिष्करण र पछौटेपनका कारण आन्तरिक सुरक्षाका सुनिश्चिततामा जटिलता सृजना भएका छन् ।

विशेषगरी राजनीतिक उद्देश्य प्राप्तिका लागि सञ्चालित राजनीतिक आन्दोलनका कारण सृजित आन्तरिक सुरक्षाका चुनौतीको सामना गर्न राज्यको स्पष्ट दृष्टिकोण हुनुपर्ने हुन्छ । अपराध रोकथाम, अनुसन्धान र नियन्त्रणका अलावा मुलुकको शान्ति, सुरक्षा र सुव्यवस्था, महत्वपूर्ण व्यक्ति तथा पूर्वाधारहरूको सुरक्षा, आतंककारी तथा अतिवादी समूहका गतिविधि र सीमा नियमन तथा सुरक्षा जस्ता कार्यहरूलाई काबुमा राख्न मुलुकको आन्तरिक सुरक्षा नीति स्पष्ट हुनुपर्दछ र सोही मान्यताका आधारमा समन्वयात्मक ढङ्गले सुरक्षा संयन्त्रहरूको परिचालन गर्नुपर्ने हुन्छ । मुलुकको राज्य प्रणालीको स्वरुप, समाजको संरचना र सुरक्षा चुनौतीका आधारमा आन्तरिक सुरक्षा र यससँग सम्बन्धित निकायहरूको भूमिका तथा क्षेत्राधिकार निर्धारण गरिनुपर्दछ । अस्वस्थ प्रतिस्पर्धा र अस्पष्ट नीतिले मुलुकमा अस्थिरता, असुरक्षा र अराजकतालाई बढावा दिन मद्दत पुऱ्याउँदछ ।

**राष्ट्रिय आयामहरू**

आन्तरिक सुरक्षाका आयामहरू बहुरूपी हुने गर्दछन् । यसको अवस्था देशको राजनीतिक तरलता, अस्थिरता र अन्योल, सुशासनको अवस्था, आर्थिक-सामाजिक एवं सांस्कृतिक संरचना, राज्यका न्यायिक एवं कार्यान्वयन निकायहरूको सेवा प्रवाह, सुरक्षा निकायहरूको प्रभावकारिता र जिम्मेवार, जवाफदेही तथा पारदर्शी राज्य प्रणाली लगायतमा निर्भर गर्दछ । नेपालको सन्दर्भमा निरन्तर भइरहने राजनीतिक परिवर्तनका साथै पछिल्लो दशवर्षे सशस्त्र द्वन्द्वको पृष्ठभूमि मुलुकको आन्तरिक सुरक्षा नीति-निर्माणमा सहयोगी हुन सक्दछ ।

साथै, शान्ति सम्झौता पश्चात् विभिन्न जातीय संगठनहरूमा संगठित भएका आन्दोलन र संघीयता तथा समावेशीको माग सहित सञ्चालित मधेश आन्दोलन, विभिन्न समयमा सृजना हुन खोजेका धार्मिक हिंसाको पृष्ठभूमिमा मुलुकको आन्तरिक सुरक्षा नीति, संरचना र संगठनहरूको निर्माण गर्नुपर्ने हुन्छ । नेपालको संविधानले देशको सुरक्षा व्यवस्थालाई अत्यन्त महत्वका साथ समावेश गरेको छ भने सुरक्षा निकायहरूको रूपमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागको परिकल्पना गरेको छ, जसले मुलुकको बाह्य तथा आन्तरिक सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

संविधानको धारा ५१ (क) मा राज्यका नीतिहरू अन्तर्गत राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा नीतिको व्यवस्था गरेको छ भने धारा २६६ मा मुलुकको 'समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्लाई सिफारिस गर्न' राष्ट्रिय सुरक्षा परिषद्को परिकल्पना गरेको छ । यसको अध्यक्षमा प्रधानमन्त्री रहने व्यवस्था गरेको छ । संविधानको धारा २६७ मा मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेना रहने व्यवस्था गरेको छ । तर, यसको परिचालन राष्ट्रिय सुरक्षा परिषद्को सिफारिशमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट हुन सक्दछ, जसको अनुमोदन एक महिनाभित्र प्रतिनिधिसभाबाट हुनुपर्दछ ।

तथापि सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायत अन्य कार्यमा परिचालन गर्न सक्दछ । यसको मतलब सेनाको परिचालन मुलुकको सामान्य अवस्थामा आन्तरिक सुरक्षाको प्रयोजनमा नहुने व्यवस्था गरेको छ । तथापि देशमा आन्तरिक द्वन्द्व, साम्प्रदायिक वा धार्मिक हिंसा वा सुरक्षा व्यवस्थालाई चुनौती दिने जटिल प्रकारको विशेष परिस्थिति सिर्जना भएको अवस्थामा संविधान बमोजिम परिचालन हुन सक्दछ । उदाहरणका लागि निर्वाचन सुरक्षाको प्रयोजनका लागि सेनाको परिचालन विशेष व्यवस्था अनुरूप हुने गर्दछ ।

यसैगरी संविधानको धारा २६८ मा मुलुकको आन्तरिक सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहने व्यवस्था गरेको छ । नीतिगत तहमा अन्य सुरक्षा निकायलाई संलग्न गराइए पनि कार्यगत तहमा मूलत: शान्ति, सुरक्षा र सुव्यवस्थामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई खटाउने गरिएको छ । यसको कार्यान्वयनका लागि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति रहने व्यवस्था गरेको छ । यसका सदस्यहरूमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका जिल्लास्थित प्रमुखहरू सदस्य रहने व्यवस्था छ ।

तथापि अपराध रोकथाम, अनुसन्धान र नियन्त्रणको जिम्मेवारी नेपाल प्रहरीको क्षेत्राधिकारभित्र पर्दछ भने सशस्त्र प्रहरी बल अर्धसैनिक सुरक्षा निकायको रूपमा रहने यसको ऐनले नै परिकल्पना गरेको छ । पछिल्लो कालमा प्रधानमन्त्रीको कार्यालय अन्तर्गत रहेको राष्ट्रिय अनुसन्धान विभागले मुलुकको गुप्तचरी निकाय (इन्टेलिजेन्स एजेन्सी) को रूपमा कार्यरत छ । तर, यसको प्रभावकारितामा प्रश्न उठ्दै आएको छ । नेपालको आन्तरिक सुरक्षालाई देशको राष्ट्रिय सुरक्षा नीति, २०७३ ले पनि परिभाषित गरेको छ । यसको परिमार्जन २०७५ फागुनमा गरिएको भनिए तापनि यो दस्तावेजलाई गोप्य राखिएको छ । समाचार अनुसार राष्ट्रिय सुरक्षा नीतिको परिमार्जित संस्करण नेपाली सेनाको नियन्त्रणमा रहेको बुझिन्छ ।

नेपाल सरकारबाट सार्वजनिक गरिएको २०७३ को उक्त नीतिमा राष्ट्रिय सुरक्षा नीतिका १९ वटा रणनीतिक लक्ष्यहरू समावेश गरेको छ भने सो लक्ष्यहरू प्राप्तिका लागि कार्यनीतिहरू पनि समावेश गरेको छ । साथै, नीतिको कार्यान्वयन र सुरक्षा संयन्त्रलाई परिचालन र निर्देशनका लागि नेपाल सरकार, मन्त्रिपरिषद्, राष्ट्रिय सुरक्षा परिषद्, मन्त्रालय र अन्तर्गतका निकायहरू अनि सुरक्षा निकायहरू सम्मिलित एउटा संयन्त्र र राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयन, सूचना प्रवाह, निर्देशन तथा अनुगमनका सम्बन्धमा समन्वय र एकीकृत रूपमा संयोजन गर्नका लागि राष्ट्रिय सुरक्षा परिषद्, केन्द्रीय/संघीय सुरक्षा समिति र प्रादेशिक तथा स्थानीय, क्षेत्रीय तथा जिल्लास्तरका सुरक्षा समितिहरू रहेको अर्को संयन्त्र पहिचान गरेको छ ।

मूलत: राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनमा सरकार, सरोकारवाला मन्त्रालय र सुरक्षा निकायहरू नीतिगत तहमा जिम्मेवार भए पनि कार्यगत तहमा सुरक्षा निकायहरूको नेतृत्वदायी भूमिका रहन्छ । राष्ट्रिय सुरक्षा नीतिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको जिम्मेवारी र क्षेत्राधिकार स्पष्ट पारेको छ । नेपाली सेनाको जिम्मेवारी र क्षेत्राधिकार संविधानले स्पष्ट पारेको अवस्थामा नीतिले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई आन्तरिक सुरक्षा व्यवस्था कायम गर्नुपर्ने सुरक्षा निकायहरूको रूपमा सूचीबद्ध गरेको छ । मुलुकको शान्ति, सुरक्षा र सुव्यवस्थाका अलावा समाजमा समुन्नति, आपसी मेलमिलाप र सहिष्णुता कायम राख्नका लागि परिचालन हुने आन्तरिक सुरक्षासँग सम्बन्धित निकायहरूको रूपान्तरण, सबलीकरण र आधुनिकीकरणका कार्यहरू निरन्तर भइरहेका राजनीतिक परिवर्तन र समाजको आवश्यकता अनुसार समयानुकूल र प्रविधियुक्त हुनसकेको छैन ।

क्रमश: पृष्ठ-३...

# घर दिन्छु भन्दै १ हजार विपन्न परिवारलाई बनाइयो घर न घाट



जनकपुरधाम/सिरहा
मिर्चैया नगरपालिका-१० मथिलेश्वरका सुरज सदालाई छोरा अमितको बिहेको चिन्ता छ । जतिसक्दो चाँडो बुहारी भित्र्याउन चाहन्छन् सुरज । तर, केटीपक्ष घर हेर्न आउँदा बिहे भाडिन्छ । किन होला ? सुरजको परिवारलाई ओत लाग्ने घर छैन । 'छोराको बिहे गर्नु छ । बिहेको कुराकानी अघि बढ्छ । केटीपक्षले हेर्न आएपछि घर देखेरै भाग्छन् । त्यसैले छोराको बिहे हुन सकिहेको छैन,' सुरज पीर मान्छन् ।

एक वर्षअघिसम्म उनको फुसको घर थियो । पाँच जनाको परिवार दु:खसुख बस्थे । दलित परिवारलाई मधेस सरकारले 'जनता आवास' अन्तर्गत पक्की घर बनाइदिने भनेपछि सुरजको परिवार हुरुक्क भए । उनको भनाइमा हाल मधेस सरकारका वन तथा वातवरण मन्त्री समेत रहेका सिरहा क्षेत्र नम्बर-४ (क) का जनमत पार्टीका प्रदेश सांसद त्रिभुवन साहले चाँडै पक्की घर बन्ने आश्वासन दिएर घर भत्काउन लगाएका थिए ।

माघ २०८० मा सुरजले हतार-हतार घर भत्काए । पूर्वाधार विकास कार्यालय धनुषामार्फत पक्की घर बनाउने काम अघि बढ्यो । इँटाको गारो हाल्ने काम भयो । तर, ६ महिनामा बनिसक्नुपर्ने घर एक वर्ष बित्दासमेत गारोभन्दा माथि काम अघि बढ्न सकेन । ओत अभावमा त्यसयता उनको परिवारको बिजोग छ । घामपानी, शितलहर झेलिरहेको छ ।

'सांसद त्रिभुवन साहले चाँडै घर बन्छ भनेर उजाड्न लगाउनुभयो । भएको घर पनि हतार-हतार खुसीले भत्काएँ । एक वर्षसम्म कुर्सी हालेर छाडेको छ,' सुरज भन्छन्, 'वर्षामा धेरै दुःख झेलैं । जाडोमा कठ्यांग्रिनु पर्छ । हाम्रो बेहाल छ । वर्षामा अर्काकै घरमा शरण लिनुपर्छ ।' सुरजको परिवारमा पाँच जना छन् । दुई छोरा अमित र विवेक, श्रीमती रितादेवी र ७१ वर्षीय बुबा बिल्टु । घर नबनेपछि सुरजले पटक-पटक सांसद साहलाई गुनासो र पूर्वाधार विकास कार्यालयमा ताकेता गरे ।

तर, उनले बन्ने आश्वासन मात्र दिइरहेका छन् । उसो त घर निर्माण उपभोक्ता समिति अध्यक्ष नै छन् सुरज । तर, उनको केही चलेको छैन । घर देखेर केटी पक्षले बिहे नगर्ने देखेपछि बाध्य भएर सुरजले सरसापट लिएर गएको माघ दोस्रो साता प्लास्टिक किनेर ल्याए । गारोमाथि नै घर जस्तै प्लास्टिकले ओत लगाएका छन् । सानो किराना पसल पनि छ उनको । २५ माघ दिउँसो उनको घर पुग्दा सुरज शौचालयको पाइप लिएर साइकलमै आइपुगे । अगाडिको भागमा बालुवा-इँटाको काम चल्दै थियो ।

'छोराको बिहे गर्नु छ । नभए बुहारी पाउन गाह्रो छ । त्यसैले तत्काल प्लास्टिककै घर बनाएको छु । सानो किराना पसल छ । सरकारले उठिबास गरिदियो । केही जुगाड त गर्नैपर्‍यो,' सुरज सुनाउँछन् । उनलाई छोराको बिहेको चिन्तासँगै अब आउने हावाहुरी र वर्षासम्म घर बनेन भने कसरी बस्ने भन्ने चिन्ताले पनि सताइरहेको छ । सुरजको जस्तै दु:खको कथा छ रामअवतार सदाको पनि । माघ २०८० मा रामअवतारको घर पनि पक्की बनाउने भन्दै भत्काउन लगाइयो । अर्को फुसको घर जीर्ण भएर भत्किने अवस्थामा पुगिसकेको छ । वर्षामा धेरै नै चुहिएर बस्न सकिँदैन । त्यही जीर्ण घर र त्रिपाल-प्लास्टिकले जेनतेन बाहिर ढोकेको छ ।

७० वर्षीय रामअवतार र श्रीमती सियावती त्यही ओतमा जीवनको उत्तरार्द्ध काटिरहेका छन् । पाँच छोरी बिहे गरी आफ्ना घर गइसकेका छन् । बुढाबुढीलाई छोराबुहारीको सुख छैन । किनकि, घर नहुँदा एक्लो छोरो प्रगास बालबच्चा सहित सिरहा हरिपुर स्थित ससुरालीमै बस्ने गरेको स्थानीय लक्ष्मण सदाले बताए । 'हेर्नुस्, पक्की घर बनाइदिने लोभमा राम्रै फुसको घर भत्काउन लगाइयो । अहिले बुढाबुढी दुवै कष्ट झेलिरहेका छन् । वर्षाका बेला यही दलानमा बस्नुहुन्छ,' लक्ष्मणले भने, 'घर नहुँदा एक्लो छोरा पनि सँगै बस्न सकेका छैनन् । ससुरालीमै वस्छन् । बनाउने सामर्थ्य थिएन भने किन सरकारले भत्काउन लगायो ?'

त्यही बस्तीकी सम्तोलिया सदाको घरको अवस्था पनि भिन्न छैन । एक वर्षअघि भत्काएर गारो हालिएको पक्की घर पूरा भएन । सानो फुसको साँघुरो घरमा नै पाँच जना सुत्नुपर्छ । वर्षाका बेला घर चुहिएर परिवार बेचैन हुन्छ । 'फुसको घर थियो । भत्काएपछि नबन्दा धेरै दिक्कत हुन्छ । वर्षाका बेला सानो घर चुहिन्छ । सरकारले कहिले बनाइदिने ठेगान छैन,' मजुदरीबाट परिवार चलाइरहेकी सम्तोलिया गुनासो गर्छिन् ।

यो बस्तीमा सुरज, रामअवतार र सम्तोलिया जस्तै जनता आवास अन्तर्गत १० परिवारको घर बनिरहेको छ । स्थानीय शिवु सदा, नथुनिया सदा, बेचनीदेवी सदा, सुरिना सदा, लालु सदा, सोभित सदाको घर पनि उही हालतमा छ । यी सबै घरको निर्माण समिति अध्यक्ष हुन् सुरज । तर, उनी आफैं उठिबासको सिकार छन् । केही गर्न सक्ने अवस्था उनको छैन । उनीहरू अत्यन्त विपन्न परिवारका हुन् । जनमजदुरी गरेर जीवन चलाउँछन् । त्यस्तै सिरहा विष्णुपुर गाउँपालिका-३ राजपुरका हरिचन्दर महराको दुई वर्षअघि फुसकै घर (दुमहला) थियो । महेन्द्रनारायण निधि आवास योजना अन्तर्गत तरुन्तै पक्की घर बन्ने भनेर हरिचनको आधा घर भत्काउन लगाइयो । तर, दुई वर्षसम्म उनको घर बन्न सकेको छैन ।

हरिचन्दर सहित उनको ११ जनाको परिवार बाँकी रहेको आधा साँघुरो घरमा कष्टदायी जीवन बाँच्न बाध्य छन् । दुई छोरा रोहित र मंगल छन् । दुवैको ५-५ जनाको परिवार छ । 'भन्यो चाँडै पक्की घर बन्छ । दुमहला घर आधा उजाड्न लगायो । त्यसमै हामी सबै गुञ्जायस गर्दै थियौं । दुई वर्ष भयो अहिलेसम्म बनेको छैन । बालबच्चालाई धेरै दिक्कत छ,' ७० वर्षीय हरिचन्दर दुखेसो पोख्छन् । महेन्द्रनारायण निधि आवास योजना अन्तर्गत माथि जस्ताको छानो भएको दुई कोठे पक्की घर बनिरहेको छ । जसमा शौचालय र भान्सा पनि छ ।

### सिरहाका ५३३ विपन्न परिवारको उठिबास

मधेस सरकारले पक्की घरको सपना देखाएर बिल्लबाठ स्थितिमा पुर्‍याएका सुरज, सम्तोलियादेवी, रामअवतार र हरिचन उदाहरण मात्र हुन् । उनीहरू जस्तै घर भत्काएर अलपत्र छाड्दा सिरहामा ५ सय ३३ अतिविपन्न परिवारको कन्तबिजोग छ । पूर्वाधार विकास कार्यालय सिरहाले जनता आवास र महेन्द्रनारायण निधि आवास योजना अन्तर्गत ५ सय ३३ परिवारको घर निर्माण गरिरहेको छ । जनता आवास अन्तर्गत ४ सय ८८ घर र महेन्द्रनारायण निधि आवास योजना अन्तर्गत ४५ घर निर्माणाधीन अवस्थामा रहेको कार्यालयका सबइन्जिनियर जिवछ यादवले बताए ।

उनका अनुसार जनता आवस अन्तर्गत बनिरहेका घरमा दुई नम्बर इँटा र माथि जस्ता प्रयोग गरी दुई कोठे घर बनाउने गरिएको छ । यसमा एउटा घर तयार गर्न कन्टिन्जेन्सी सहित ३ लाख ५० हजार खर्च गर्ने सम्झौतामा उल्लेख छ । आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारको ससर्त अनुदानबाट सिरहामा जनता आवास अन्तर्गत ४ सय ८८ घर बनाउन २१ असार २०८० मा ३८ निर्माण समितिबीच सम्झौता भएको थियो । एउटा निर्माण समितिमा १० देखि ३० जनासम्म छन् । सबइन्जिनियर यादवका अनुसार ६ महिनामा घर निर्माण सक्ने लक्ष्यसहित योजनाको काम अघि बढेको थियो । प्रतिघर पहिलो किस्तामा १ लाख १७ हजार रुपैयाँमात्र भुक्तानी भएको छ ।

संघ सरकारले चालु आव सिरहा र सप्तरीमा जनता आवासको ससर्त अनुदान नै छुट्याएन । त्यस कारण जनता आवास योजनाको काम पूर्णरूपमा ठप्प भएको सबइन्जिनियर यादव बताउँछन् । '६ महिनामै काम सक्ने गरी अघि बढाइएको थियो । बजेट सकियो । चालु आव सरकारले बजेट नछुट्याउँदा जनता आवसको काम ठप्प भएको हो,' यादवले भने । उनका अनुसार सिरहामा जनता आवासको सबै घरको निर्माण सक्न १४ करोड बढी बजेट आवश्यक छ ।

यस्तै महेन्द्रनारायण निधि आवास योजनामा ४५ घर बनाउने काम भइरहेको छ । मधेस सरकारको आफ्नो रहेको यो योजना अन्तर्गत प्रतिघर निर्माण गर्न ५ लाख ६० हजारमा सम्झौता भएको छ । दुइटा कोठा, शौचालय र भान्सासहित घर प्लास्टर र रङरोगन समेत हुन्छ । यसमा ४५ घरको छानो परेको छैन । भित्तासम्म उठाएर छाडिएको छ । यसकोलागि पहिलो किस्ता भुक्तानी भइसकेको छ । दोस्रो किस्ताको केही बाँकी छ भने तेस्रो किस्ता तिर्न बाँकी रहेको अर्का सबइन्जिनियर रविन्द्र यादवले बताए । उनका अनुसार तेस्रो किस्तासम्म भुक्तानी गर्ने काम सम्पन्न गरेर हस्तान्तरण गरिसक्नु पर्छ । ४५ वटै घर निर्माण सक्न २ करोड बजेट लाग्ने यादवले बताए ।

चालु आवमात्र ५० लाख सरकारले विनियोजन गरेको छ । तर, बजेट अहिलेसम्म मन्त्रालयबाट नखोल्दा र योजनाको म्याद थप्ने क्रममा रहेका कारण काम अघि नबढेको सबइन्जिनियर जिवछ यादवको भनाइ छ । २०७९/८० भन्दा अघिका करिब ३० घर विभिन्न कारण अधुरो रहेको उनले बताए । जनता आवास संघीय सरकारको योजना हो ।

पछिल्लो समय प्रदेश सरकारलाई हस्तान्तरण गरेर ससर्त अनुदान मार्फत कार्यान्वयन गरिरहेको छ । जनता आवास कार्यविधि संशोधन गरी ६ महिनाभित्र निर्माण सम्पन्न गर्नुपर्ने प्रावधान छ । तर, समयमा निर्माण नहुँदा म्याद थप्नुपर्ने झन्झट रहेको सबइन्जिनियर रविन्द्र यादवले बताए । 'क्रमागतबाट हटाउँदा समस्या भएको छ । तर, समयमा कार्यान्वयन नहुँदा घर नबन्ने । र, फेरि थप गर्ने निर्णय गर्नुपर्छ । यो झन्झटिलो भएको छ,' उनले भने ।

### सप्तरीमा ३२६ घर अलपत्र

सप्तरीमा २०७९/८० यता जनता आवासको २ सय ७९ र महेन्द्रनारायण निधि आवास योजनाको ४६ घर अधुरो छ । त्यहाँ पनि यी दुई योजनाको हालत सिरहाभन्दा फरक छैन । पूर्वाधार विकास कार्यालय सप्तरीका सबइन्जिनियर मनिष साहका अनुसार २०७९/८० मा २ सय ६५ घर निर्माणाधीन अवस्थामा छ । २४ वटा सुरु हुन सकेको छैन ।

त्यसअघि २०७६/७७ मा सम्झौता भएको जनता आवासका ६ सय २ मध्ये सम्झौता अनुसार ४ सय ९८ सम्पन्न भएको छ । ३९ वटा निर्माणाधीन छ भने ६५ वटा कारागार क्षेत्रमा पर्ने भएकाले सुरु समेत हुन नसकेको सबइन्जिनियर साहको भनाइ छ । दुई महिनाअघि मधेस सरकारले मन्त्रिपरिषद्बाट नै निर्णय गरी संघ सरकारसँग ससर्त अनुदानको बजेट माग्ने निर्णय गरेको थियो ।

सप्तरीमा मात्रै जनता र निधि आवास योजनाको ४ सय ३० घर निर्माण अधुरो छ । त्यसअघिका पनि कतिपय घर बन्न सकेको छैन । ६ महिनाभित्र सक्नुपर्ने आयोजना अहिलेसम्म अपूरो छ । चालु आव बजेट नहुँदा जनता आवासको घर निर्माणको काम ठप्प छ । मधेस सरकारले सप्तरीमा पनि निधि आवास योजनाको बाँकी काम सक्न ५० लाख चालु आवमा विनियोजन गरेको छ । तर, योजनाको म्याद थप नहुँदा अधुरो काम अघि बढ्न नसकेको सबइन्जिनियर साहले बताए । 'निधि आवास योजनाको म्याद थपिने क्रममा छ ।'

### छुटेको अनुदान दिन संघीय सरकारलाई प्रदेश सरकारको पत्र

सिरहा र सप्तरीमा २०७९/८० यता सम्झौता भएका जनता आवासका ७ सय ६७ घर र महेन्द्रनारायण निधि आवास योजनाको ९२ गरी ८ सय ५९ घर अलपत्र छन् । विगतमा पनि सिरहा र सप्तरीका योजना जोड्ने हो भने ९ सय ९३ घर निर्माण अधुरो र अलपत्र छ । चालु आव संघीय सरकारले जनता आवासका लागि मधेस प्रदेशका ६ जिल्लालाई ससर्त अनुदान पठाए पनि सिरहा र सप्तरी छुटेका छन् । यसले घर बनाउने नाममा दुई वर्षयता उठिबास गराएका विपन्न परिवारले दु:ख झेल्नु सिवाय तत्काल केही विकल्प देखिँदैन ।

भौतिक पूर्वाधार विकास मन्त्रालय मधेस प्रदेशका निमित सचिव सञ्जयकुमार साह ६ जिल्लाको ससर्त अनुदान आउनु र दुई जिल्लाको नआउनुमा गल्तीले छुटेको हुन सक्ने बताउँछन् । 'ससर्त अनुदानमा सिरहा र सप्तरी छुटेको हुन सक्छ कि जस्तो लाग्छ,' उनले भने । छुटेका सिरहा र सप्तरीको ससर्त अनुदान दिन प्रदेश सरकारले संघ सरकारलाई आग्रह समेत गरेको छ । उनका अनुसार दुई महिनाअघि मधेस सरकारले मन्त्रिपरिषद्बाट नै निर्णय गरी संघ सरकारसँग ससर्त अनुदानको बजेट माग्ने निर्णय गरेको थियो । र, सोही अनुसार पत्र पनि पठाएको थियो । तर, अहिलेसम्म त्यसमा केही प्रगति भएको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# झाँक्री भाकामा 'वसन्त'को 'बिना स्वादैको' गीत रिलिज



काठमाडौं/चर्चित गायक तथा अभिनेता प्रकाश सपूतको पहिलो निर्देशकीय फिल्म 'वसन्त'को दोस्रो गीतको रुपमा 'बिना स्वादैको' सार्वजनिक गरिएको छ । झाँक्री भाकामा तयार पारिएको गीतमा देवेन्द्र बब्लु (दि फिरन्ते)को गायन तथा परिकल्पना रहेको छ भने शब्द रचना तथा संगीत देवेन्द्र र निर्देशक सपूतको हो । संगीत संयोजन योगेश काजी शाहको छ । यो गीतलाई 'हरर रोमान्टिक' भनिएको छ ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता प्रभात पाल ठकुरी र अभिनेत्री श्री शिभान्सीसहित गायक देवेन्द्र बब्लु, मुख्य सहायक निर्देशक सुनिल विक र कलाकार विशाल पहारी प्रस्तुत छन् । शिभान्सीको प्रेममा डुबेका प्रभातलाई मोहनी लागेको आशंकामा उनको परिवारले घरमा झाँक्री बसालेको परिवेशमा भिडियो तयार पारिएको छ ।

निर्देशक सपूतले 'बिना स्वादैको' गीतले फिल्मको कथामा महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन् । उनले फेसबुकमा गीत सेअर गर्दै लेखेका छन्, 'यो एउटा झाँक्री भाकालाई हामीले आधुनिक भाषामा हरर रोमान्टिक भनेर प्रस्तुत गरेका छौं । यो गीत र पात्रहरुले 'वसन्त'को कथामा महत्त्वपूर्ण भुमिका निर्वाह गरेका छन् । एउटा कालखण्डको नेपाली सामाज हेर्न तयार हुनुहोस् ।'

आगामी चैत २२ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा प्रभात र शिभान्सीसहित प्रकाश सपूत, स्वस्तिमा खड्का, उर्मिला लाम्गादे, खड्क बहादुर पुन (खबपु), अनुप बराल, कमलमणी नेपाल, प्रकाश घिमिरे लगायतको अभिनय छ । फिल्मको पहिलो गीतको रुपमा एक महिनाअघि सार्वजनिक भएको 'साँझ पऱ्यो झमक्क' दर्शकले निकै रुचाएका छन् ।

फिल्ममा निर्देशक सपूत स्वयंको कथा, पटकथा तथा संगीत छ । विश्वकर्मा समुदायको छोराको लेखक बन्ने सपना र आफ्नो लक्ष्य हासिल गर्न उसले गर्ने संघर्षको कथा फिल्मले भन्ने जनाइएको छ । मोहन विश्वकर्मा र विन्दू बोहोरा (सपूत) फिल्मका निर्माता हुन् । कार्यकारी निर्मातामा अनुरोध भट्टराई, नाना थकाली र विरेन्द्र नारायण श्रेष्ठ रहेका छन् । फिल्मका छायाँकार सुसन प्रजापति हुन् ।

# आर्यन र खगेन्द्रले सकाए 'महाभोज'को छायांकन, रिलिज कहिले ?

काठमाडौं/निर्देशक दिनेश राउतले आफ्नो नयाँ फिल्म 'महाभोज'को छायांकन सकाएका छन् । कास्कीको घाचोकपछि काठमाडौंमा अन्तिम चरणको छायांकन गर्दै ३५ दिनमा शुक्रबार फिल्म प्याकअप भएको हो । इन्डक्ल्यापमा फिलमका मुख्य अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री अञ्जना बराइलीको दृश्य खिचिएको थियो । फिल्मको घाचोकमा ३३ दिन र काठमाडौंमा २ दिन छायांकन भएको हो ।




निर्देशक राउतका अनुसार 'महाभोज' समाजमा हुने विश्वासघात र भ्रष्टाचारविरुद्धको कथामा आधारित छ । सर्वसाधारणको जीवन र भरोसामाथि खेलबाड गर्नेविरुद्धको विद्रोही स्वर फिल्मले प्रस्तुत गर्ने उनले बताए । 'महाभोज' उनको आठौं फिल्म हो । उनी निर्देशित पछिल्लो फिल्म 'पूजार सार्की' सुपरहिट बनेको थियो ।

फिल्ममा खगेन्द्र र अञ्जनासहित आर्यन सिग्देल, दयाहाङ राई, खगेन्द्र लामिछाने, गौमाया गुरुङ, मलिका महत, वसुन्धरा भुसाल, मोहन निरौला, बुद्धि तामाङ, कमलमणि नेपाल, पुष्कर गुरुङ, विनोद न्यौपाने, आभा अर्याल लगायतको अभिनय छ । क्लक वर्क क्रियशन र पिक्चर फ्रेमको संयुक्त निर्माणमा तयार भएको यस फिल्मका निर्माता हिमाल कडरिया हुन् ।

विकास सुवेदीको स्क्रिप्ट लेखन रहेको फिल्ममा राजेश श्रेष्ठको छायांकन छ भने निमेष श्रेष्ठले सम्पादन गर्नेछन् । काफिया फिल्म्स् र कुबेर सिने डिस्ट्रिब्युसनले नेपालमा वितरण गर्न लागेको फिल्मको अहिलेसम्म प्रदर्शन मिति घोषणा गरिएको छैन । बुझिए अनुसार 'पूजार सार्की' जुन मितिमा रिलिज भएको थियो, त्यही मिति अर्थात् आगामी जेठ १० गते 'महाभोज' रिलिजको तयारी गरिएको छ ।

# इलामको कर्फोकमा गुञ्जियो 'कन्दरा'

इलाम/लोकप्रिय लोकपप सांगीतिक समूह 'कन्दरा' पहिलोपटक इलामको कर्फोकमा गुञ्जिएको छ । राती ११ बजेसम्म ६ हजार दर्शकको उपस्थितीमा ब्याण्डले सांगीतिक जादू छऱ्यो ।

चिसो मौसमको पर्वाह नगरी दर्शकले सुरुदेखि अन्तिमसम्म ब्याण्डका हिट गीतमा झुम्दै साथ दिए । कन्सर्टमा सहभागि हुन इलामसहित वरपरका छिमेकी जिल्लासहित भारतका दार्जिलिङ, सिक्किम लगायतका थलोबाट समेत दर्शक कर्फोकमा पुगेका थिए ।

पुराना दर्शक मात्र होइन, १३/१४ वर्ष उमेरका समूहका दर्शकले समेत कन्दराको गीतहरू गाएर साथ दिए । पुरानो पुस्ताको नस्टाल्जिया र नयाँ पुस्ताको उत्साहको सम्मिश्रणले उक्त सांगीतिक रातलाई झन् अविस्मरणीय बनायो ।

कार्यक्रममा 'तिमी पारि', 'तगारोमा रुमाल', 'बिचरा म', 'हङकङ पोखरा'जस्ता कालजयी पप गीतहरू गुञ्जिँदा दर्शक झुमिरहेका थिए । सांगीतिक यात्रामा कन्दराले ३२ वर्ष पार गरिसकेको भए तापनि, यसको लोकप्रियता अझै उच्च विन्दुमा छ भन्ने कुरा कर्फोकको भीडले पुष्टि गऱ्यो ।

सूर्योदय होटल व्यवसायी संघको आयोजना तथा करफोक युवा परिवारको सहआयोजनामा कन्सर्ट गरिएको हो । संघका अध्यक्ष प्रज्वल प्रधानले स्थानीय पर्यटन प्रवर्द्धनको लागि कन्दराको ब्याण्डको कन्सर्ट आयोजना गरिएको बताए ।

पछिल्लो समय जुर्मुराएको यो लोकप्रिय ब्याण्ड अहिले 'पहिला घरदेश अनि परदेश' नारासहित देश तथा विदेशको भ्रमणमा छ । पोखरा र काठमाडौंमा ब्याण्डले प्रस्तुति दिइसकेको छ । बेलायतबाट अन्तर्राष्ट्रिय टूर सुरु गरेको ब्याण्डले कतार, युएई र हङकङमा प्रस्तुति दिइसकेको छ । चाँडै अस्ट्रेलिया, युरोप र अमेरिकामा पनि गुञ्जिने ब्याण्डको तयारी छ ।

ब्याण्डको वर्तमान लाइनअपमा भोकलमा विवेक श्रेष्ठ, ड्रम्समा सुनिल थापा, लिड गिटारमा देव लामा, बास गिटारमा पङ्कज झा, मादलमा अविनाश गायक र किबोर्डमा उमेश थापा छन् ।

# आन्तरिक सुरक्षामा एकीकृत...

संविधानले आन्तरिक सुरक्षालाई सबल पार्न गृह मन्त्रालय अन्तर्गत नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई परिचालन गर्ने गरेको छ । सशस्त्र प्रहरी बल संघीय सुरक्षा निकाय भए पनि नेपाल प्रहरीको संरचना संघीय र प्रदेश तहमा हुने व्यवस्था संविधानले गरेको छ भने यसको क्षेत्राधिकार संविधानको अनुसूचीको ५ र ६ मा समावेश गरेको छ ।

विडम्बना, प्रदेश प्रहरी समायोजनका लागि प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ र नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ पारित भएको पाँच वर्षको अवधिमा समेत प्रदेश प्रहरीको समायोजन हुनसकेको छैन । यसले प्रहरीको काम-कारबाहीमा थप अन्योल सृजना गरेको छ ।

### प्रस्तावित विधेयकमा विरोधाभास व्यवस्था

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको अवस्थामा नेपालको संविधान, २०७२ अन्तर्गत परिचालन हुनुपर्ने आन्तरिक सुरक्षाका महत्वपूर्ण निकायहरू नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई व्यावसायिक र समयानुकूल बनाउन 'नेपाल प्रहरी सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१' र 'सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१' प्रतिनिधिसभामा सरकारबाट पेश भएको छ, जुन स्वागतयोग्य छ ।

दुवै सुरक्षा निकायहरूको उत्पत्ति, प्रकृति, इतिहास र भूमिका फरक-फरक भए पनि मुलुकमा शान्ति, सुरक्षा र सुव्यवस्थाका सवालमा समन्वय र सहकार्य अपरिहार्य रूपमा गर्नुपर्ने भएकाले उनीहरूको क्षेत्राधिकार, सीमा र भूमिका कानूनतः स्पष्ट हुनुपर्दछ । कानूनमा दोहोरोपन आएमा वा अस्पष्टता भएमा कार्यगत तहको जिम्मेवारीमा अन्योल सृजना हुन जान्छ भने राज्यको जन-धनको सुरक्षामा सम्झौता हुने सम्भावना रहन्छ ।

आन्तरिक सुरक्षाको मेरुदण्डका रूपमा नेपाल प्रहरीलाई बुझिन्छ । यसलाई सम्बोधन गर्नका लागि नेपाल प्रहरी सम्बन्धी संशोधन विधेयकको दफा ७ (२) मा नेपाल प्रहरीको 'परिचालन, नियन्त्रण, निर्देशन र सुपरीवेक्षण' मन्त्रालयले गर्ने व्यवस्था गरिएको छ भने यसको उपदफा (३) मा 'जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यका सन्दर्भमा प्रहरी कर्मचारी प्रमुख जिल्ला अधिकारीको नियन्त्रण, निर्देशन तथा सुपरीवेक्षणमा रहनेछ' भन्ने व्यवस्था गरिएको छ ।

यसैगरी दफा १३ (५) मा प्रहरी महानिरीक्षक 'कानून बमोजिम आफूले सम्पादन गर्ने काम कर्तव्यका सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी' हुने व्यवस्था गरेको छ । उल्लिखित दुवै व्यवस्थाबाट प्रहरी संगठन आफ्नो जिम्मेवारी वहनका क्रममा कानून बमोजिम निर्वाह गर्ने भूमिकामा स्वतन्त्र तथा स्वायत्त नहुने र प्रमुख जिल्ला अधिकारी हावी हुने स्पष्ट महसुस गर्न सकिन्छ । विधेयकमा उल्लिखित व्यवस्थाहरूले प्रहरीका काम-कारबाही प्रभावकारी नहुने निश्चित छ भने प्रहरीको आदेश शृंखला (चेन अफ कमाण्ड) पनि फितलो हुनेछ । मुलुकको आन्तरिक सुरक्षा व्यवस्थापन कार्य प्रभावित हुनेछ । साथै, मुलुकको शान्ति, सुरक्षा र सुव्यवस्थाका अलावा अपराध रोकथाम, अनुसन्धान र नियन्त्रणमा सम्झौता हुने खतरा रहन्छ । तसर्थ नेपाल प्रहरीमाथि मन्त्रालयको भूमिका निर्देशन र सुपरीवेक्षणमा मात्र सीमित राखिनु पर्दछ भने परिचालन र नियन्त्रणको जिम्मेवारी नेपाल प्रहरी अन्तर्गत राखिनु पर्दछ । यसले प्रहरीमा जिम्मेवारी र जवाफदेही दुवै बढाउनेछ ।

*(साभार: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकै मञ्चमा ११ जना स्रष्टा सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुरको अग्रणी साहित्यिक संस्था भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले एकै मञ्चमा ११ जना सर्जक, स्रष्टा एवम् व्यक्तित्वलाई सम्मान गरेको छ ।

प्रतिष्ठानले विशेष साँगीतिक तथा पुरस्कार समर्पण समारोहको आयोजना गर्दै ४ जनालाई राष्ट्रिय पुरस्कार र अन्य ७ जनालाई विभिन्न विधामा पुरस्कार तथा सम्मान प्रदान गरेको हो । हेटौंडा उपमहानगप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा पुरस्कार समर्पण गरिएको थियो । यसवर्षको भीम विराग राष्ट्रिय साहित्य पुरस्कार काठमाडौंकी साहित्यकार माया ठकुरीलाई प्रदान गरिएको छ ।

यस्तै, राष्ट्रिय संगीत पुरस्कार रुपन्देहीका गायक हेमन्त शर्मा, राष्ट्रिय कला पुरस्कार मकवानपुरका कलाकार भोलाराज सापकोटा र राष्ट्रिय पत्रकारिता पुरस्कार काठमाडौंका पत्रकार ठाकुर बेल्वासेलाई प्रदान गरिएको छ । यी सबै पुरस्कारको राशि जनही २५ हजार रुपैयाँ रहेको छ । २० हजार रुपैयाँ राशिको रामकृष्ण बानियाँ स्मृति लोकसंगीत पुरस्कार पर्वतका लोकदोहोरी गायक कुलेन्द्र विश्वकर्मालाई प्रदान गरिएको छ । १५ हजार रुपैयाँ राशिको तुलसीमाया-शिवकुमारी सिर्जनशील नारी पुरस्कार मकवानपुरकी महिलाउद्यमी शोभा श्रेष्ठ र शिलानारी पुरस्कार मकवानपुरकै महिलाउद्यमी मेनका श्रेष्ठलाई प्रदान गरिएको छ ।

१५ हजार रुपैयाँ राशिको चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कारबाट मकवानपुरका बालसाहित्य अभियानकर्मी दीपक गौतमलाई प्रदान गरिएको छ । भीम-मथुरा बालप्रतिभा पुरस्कार मकवानपुरकी रितिका छत्कुलीलाई प्रदान गरिएको छ । यो पुरस्कारको राशि नगद १० हजार रुपैयाँ रहेको छ । १० हजार रुपैयाँ राशिको मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कारबाट मकवानपुरकी स्वास्थ्यकर्मी निर्मला ब्लोन र अजित सेन-कमलेश्वर गुप्ता भिन्न क्षमता पुरस्कार मकवानपुरका दृष्टिविहिन मेकानिक सुदर्शन ढकाललाई प्रदान गरिएको छ ।

वरिष्ठ कलासाधक भीम विराग सक्रिय रहनुभएको साहित्य, संगीत, कला र पत्रकारिता चारवटै क्षेत्रलाई समेटेर हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा स्रष्टालाई पुरस्कार सर्मपण गरिएको हो ।

# टावरडाँडा खानेपानी अध्यक्षमा पुनः शत्रुघन

साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ मकवानपुरगढी-३ मक्राञ्चुलीमा रहेको टावरडाँडा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्षमा पुन शत्रुघन दुलाल चयन भएका छन् ।

शनिवार सम्पन्न दोश्रो वार्षिक साधारणसभाको बन्दसत्रले दुलालको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा नेत्रप्रसाद चौलागाई, सचिवमा शान्तप्रसाद दाहाल, कोषाध्यक्षमा सम्झना थिङ चयन भएका छन् । समितिको सदस्यमा बलराम भट्टराई, शर्मिला अर्याल, रमाकुमारी तिमल्सिना, रामेश्वर घिमिरे र अनिल दाहाल चयन भएका छन् । लेखासमिति संयोजकमा शिवराम न्यौपाने, सदस्यमा गोविन्द देवकोटा र सरिता चौलागाई चयन भएका छन् ।

नयाँ कार्यसमितिको निर्वाचन गराउन ईन्द्रप्रसाद चौलागाईको संयोजकत्वमा कृष्णप्रसाद हुमागाई र भीमसेन पौडेल सदस्य रहेको ३ सदस्यीय निर्वाचन समिति गठन गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशको खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका अध्यक्ष बद्रीप्रसाद देवकोटाको प्रमुख आतिथ्यता एवम् समितिका अध्यक्ष दुलालको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा मकवानपुर गढी गाउँपालिका कार्यपालिका सदस्य दुर्गाबहादुर बराईली, ३ नं वडासदस्य प्रेमबहादुर थोकर, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ मकवानपुरका सचिव चन्द्रबहादुर योन्जन, मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहाल, कालीदेवी टोल विकास संस्था अध्यक्ष सूर्य पुडासैनी, सुशासन टोलविकास संस्था अध्यक्ष राम दाहाल, कालीदेवी मन्दिर ब्यवस्थापन समिति अध्यक्ष निश्चल सापकोटा लगायतले मन्तब्य ब्यक्त गरेका थिए । समितिमा २ सय ८० घरधुरी आवद्ध रहेको ब्यवस्थापक हरिचन्द्र सापकोटाले बताए ।

# सार्वभौम सत्ताको रक्षामा सेनाको योगदान महत्वपूर्णः प्रदेश प्रमुख देवकोटा



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ बागमती प्रदेशको प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले देशको सार्वभौमसत्ता र अखण्डताको रक्षामा नेपाली सेनाको महत्वपूर्ण योगदान रहेको बताएका छन् ।

विपद् व्यवस्थापन, शान्ति स्थापना र राष्ट्रिय विकासमा सेनाले विगतदेखि नै योगदान दिंदै आएको उनको भनाई छ । महाशिवरात्रि तथा २६२ औं नेपाली सेना दिवशको उपलक्ष्यमा आयोजित विविध सैनिक प्रदर्शनी (वाकथुन तथा एडभेन्चर च्यालेन्ज) प्रतियोगिता २०८१ मा प्रदेशप्रमुख देवकोटाले गौरवशाली इतिहास बोकेको नेपाली सेनाले राष्ट्रलाई पर्न आउने बिभिन्न विपत्तिमा जनताको जनधनको क्षति हुनबाट बचाउन सहयोग गर्दै आइरहेको जिकिर गरे ।

जनतालाई नै केन्द्रबिन्दुमा राखेर राष्ट्रका हरेक कुनाकाप्चामा जनहीतका कार्यहरु गर्दै, आफ्नो ज्यानको पर्वाह नगरी जनरक्षाको लागि नेपाली सेना निरन्तर लागि रहेकोले सेनाको योगदानको उच्चकदर गर्नुपर्ने उनले बताएका छन् । प्रदेशप्रमुख देवकोटाले प्रदेशस्तरमा आयोजना गरिएको वाकथुन तथा (एडभेन्चर च्यालेन्ज) प्रतियोगिता २०८१ कार्यक्रमले नेपाली सेनाप्रति रहेको जनताको अपनत्वमा अझ वृद्धि भएको बताए ।

'आजको (एडभेन्चर च्यालेन्ज) प्रतियोगिताले युवा तथा विद्यार्थी भाइबहिनीका बाधा कठिनाईलाई हौसला, जोश, जाँगर र मानसिक तथा शारीरिक तन्दुरुस्तीले पार गर्न सकिन्छ भन्ने शिक्षा दिएको अनुभूति गरेको छु' उनले भने । नेपाली सेनासम्बन्धी जानकारी दिने उद्देश्यले तयार गरिएका स्टलले यसक्षेत्रमा रहेका जनता त्यसमा पनि विशेष गरी विद्यार्थीलाई नेपाली सेनासम्बन्धी ज्ञानहासिल गर्न सहज भएको महशुस गरेको उनले बताए ।

कार्यक्रममा प्रदेश सरकारका वन तथा वातावरण मन्त्री कृष्णप्रसाद सिलवाल, मध्यपृतना मुख्यालयका पृतनापति हरेन्द्र पाठक, प्रदेश सरकारका प्रमुखसचिव एवम्, प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुख तथा वाहिनीपति, प्रदेश तथा मकवानपुर जिल्लाका विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# जागरण सहकारीको अबलोकन



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ काठमाडौंमा रहेको एक सहकारीले मकवानपुरगढीमा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थाको अबलोकन गरेको छ ।

काठमाडौंमा रहेको अष्टसिद्धि बचत तथा ऋण सहकारी संस्थाले मकवानपुरगढी-३ मक्राञ्चुलीमा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थाको शनिवार अबलोकन गरेको हो । कार्यक्रममा जागरण साकोसका ब्यवस्थापक मेनुका दाहालले संस्थाले गरेका विभिन्न कार्यको बारेमा जानकारी गराइन् । संस्थामा २ हजार ७ सय ८ महिला र १ हजार २४० पुरुष गरी कुल ३ हजार ९ सय ४८ सदस्य रहेका छन् ।

संस्थाको शेयरपूँजी १ करोड ९४ लाख, निक्षेप २१ करोड ५० लाख र ऋण लगानी १३ करोड ५० लाख रहेको ब्यवस्थापक दाहालले जानकारी गराइन् । कार्यक्रम जागरण सहकारीका अध्यक्ष शत्रुघन दुलालको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा संस्थाकी सचिव सरिता विक, लेखापाल पवित्रा भट्टराई, सञ्चारकर्मी भीमसेन पौडेल, संस्था सञ्चालक समितिका पदाधिकारी लगायतको उपस्थिति रहेको थियो ।

अष्टसिद्धि सहकारीकी कार्यवाहक अध्यक्ष मीनादेवी शर्माको नेतृत्वमा आएको भ्रमणदलमा सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, कर्मचारी र शेयर सदस्यको सहभागिता रहेको थियो ।

# करिब १९ खर्ब हाराहारीको बजेट लेखिँदै, यस्तो छ 'बजेट क्यालेण्डर'




काठमाडौं, १७ फागुन/ अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेण्डर) तयार पारी बजेट लेखन थालेको छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर अध्यादेशमार्फत ल्याइएको बजेट क्यालेण्डरसम्बन्धी व्यवस्थाअनुसार काम अघि बढिरहेका छन् । स्रोत अनुमान समितिले करिब १९ खर्ब हाराहारीको बजेट सिलिङ उपलब्ध गराइसकेको छ । सबै विषयगत मन्त्रालयलाई पनि बजेट सिलिङ दिइसकेका छौं,' भण्डारीले भने ।

आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरूले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन पाइसकेका छन् । मन्त्रालयहरूले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरूको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।

बजेटमा समावेश गर्नुपर्ने विषयहरूमा सार्वजनिक सूचना जारी गरी सुझाव सङ्कलन गर्ने काम आगामी चैत १५ गतेदेखि १० वैशाख २०८२ भित्र टुंग्याउने गरी कार्यतालिका बनाइएको छ । बजेटका नीति तथा कार्यक्रममाथि आगामी १६ देखि २२ चैतसम्म राष्ट्रिय योजना आयोगमा छलफल चल्नेछ ।

सबै मन्त्रालयहरूले आगामी १५ चैतभित्र सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गरिसक्नुपर्नेछ ।

मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआईएस) मार्फत् विषयगत मन्त्रालयहरूले बजेत प्रस्ताव गर्ने अन्तिम मिति १५ चैतलाई तोकिएको छ । यसरी मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरूसँग आगामी २० देखि २२ चैतसम्म सैद्धान्तिक छलफल चल्नेछ ।

मन्त्रालयहरूसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने २४ चैतदेखि १५ वैशाखसम्म चल्नेछ । त्यस्तै, २८ चैतभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरूसँग प्रदेशगत रुपमा छलफल हुनेछ ।

संघीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरूसँग छलफलका लागि आगामी २४ चैतदेखि १५ वैशाखसम्मको समयावधि तोकिएको छ ।

आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरू, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरूसँगको छलफलका २६ चैतदेखि २५ वैशाखसम्म चल्नेछ ।

त्यस्तै, आगामी १० वैशाखभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र १५ वैशाखभित्र संघीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेण्डर बनेको छ ।

आगामी १ जेठभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ ।

त्यस्तै, अर्थमन्त्रीले १० जेठमा राष्ट्रपतिसमक्ष बजेट 'बिफ्रिङ' गर्ने कार्यतालिका छ । बजेट वक्तव्यलाई १३ जेठभित्र अन्तिम रूप दिई १४ जेठमा मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ ।

आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक १४ जेठमा छपाइका लागि पठाइनेछ । आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरूको प्रगति विवरण आगामी १४ जेठमा संघीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ ।

त्यस्तै, १५ जेठमा संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पेस हुनेछ । *(स्रोत: अनलाइनखबर)*

# निर्माणाधीन योजना प्रदेश सरकारको प्राथमिकतामाः मन्त्री खड्का



साझाकुरा संवाददाता

हेटौंडा, १७ फागुन/ बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्री श्यामबहादुर खड्काले चितवनको रत्ननगर नगर पालिकाको वडा नम्बर ६ मा रहेको निर्माणाधीन दोरङ्गी बछौली, चौराकुलो, सौरवा कुलोको निरीक्षण गरेका छन् ।

निरीक्षणको क्रममा मन्त्री खड्काले हचुवाको भरमा बजेट विनियोजन हुँदा विकास निर्माणको काममा ढिलाइ भइरहेको बताए । आगामी आर्थिक वर्षको बजेट निर्माणमा यस्तो परिपाटीले निरन्तरता नपाउने उनले स्पष्ट पारेका छन् । मन्त्री खड्काले सम्पन्न नभएका योजनालाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने बताए । योजनाको निरीक्षणको क्रममा रत्ननगर नगरपालिका मेयर प्रल्लाद सापकोटा, वडा नं. ५ का वडाअध्यक्ष बालकृष्ण चापागाई, वडा नं. ६ का वडाअध्यक्ष किरण चौधरीलगायत स्थानीयको सहभागिता रहेको थियो ।

# अमेरिकी डलरको भाउ हालसम्मकै उच्च, अरुको कति ?



काठमाडौं, १७ फागुन/ नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । शनिबारका लागि निर्धारण गरिएको दरअनुसार, अमेरिकी डलरको मूल्य बढेर हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । केन्द्रीय बैङ्कका अनुसार शनिबार अमेरिकी डलर एकको खरिददर १३९ रूपैयाँ ७० पैसा र बिक्रीदर १४० रूपैयाँ ३० पैसा कायम भएको छ ।

शनिबारका लागि युरोपियन युरो एकको खरिददर १४५ रूपैयाँ २४ पैसा र बिक्रीदर १४५ रूपैयाँ ८६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७५ रूपैयाँ ८४ पैसा र बिक्रीदर १७६ रूपैयाँ ६० पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५४ रूपैयाँ ७३ पैसा र बिक्रीदर १५५ रूपैयाँ ४० पैसा कायम गरिएको छ ।

यसैगरी, अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ८२ पैसा र बिक्रीदर ८७ रूपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ ७८ पैसा र बिक्रीदर ९७ रूपैयाँ १९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रूपैयाँ ६० पैसा र बिक्रीदर १०४ रूपैयाँ ०४ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर नौ रूपैयाँ २९ पैसा र बिक्रीदर नौ रूपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रूपैयाँ १९ पैसा र बिक्रीदर १९ रूपैयाँ २७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रूपैयाँ २५ पैसा र बिक्रीदर ३७ रूपैयाँ ४१ पैसा, कतारी रियाल एकको खरिददर ३८ रूपैयाँ ३३ पैसा र बिक्रीदर ३८ रूपैयाँ ५० पैसा कायम भएको बैङ्कले जनाएको छ ।

यस्तै, थाई भाट एकको खरिददर चार रूपैयाँ ०९ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३८ रूपैयाँ ०४ पैसा र बिक्रीदर ३८ रूपैयाँ २० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ३१ पैसा र बिक्रीदर ३१ रूपैयाँ ४४ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ५७ पैसा र बिक्रीदर नौ रूपैयाँ ६१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ९८ पैसा र बिक्रीदर १३ रूपैयाँ ०४ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ४७ पैसा र बिक्रीदर १९ रूपैयाँ ५६ पैसा तोकिएको छ ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ९६ पैसा र बिक्रीदर १८ रूपैयाँ ०४ पैसा, कुवेती दिनार एकको खरिददर ४५२ रूपैयाँ ३५ पैसा र बिक्रीदर ४५४ रूपैयाँ ३० पैसा, बहराइन दिनार एकको खरिददर ३७० रूपैयाँ ६६ पैसा र बिक्रीदर ३७२ रूपैयाँ २५ पैसा, ओमनी रियाल एकको खरिददर ३६२ रूपैयाँ ८६ पैसा र बिक्रीदर ३६४ रूपैयाँ ४२ पैसा निर्धारण गरेको छ । त्यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर १६० रूपैयाँ र बिक्रीदर १६० रूपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रीति राई 'सर्वोत्कृष्ट महिला फुटबल खेलाडी' अवार्डबाट सम्मानित

काठमाडौं, १७ फागुन/ नेपाली राष्ट्रिय महिला फुटबल टिम तथा एपीएफका मिडफिल्डर प्रीति राईले सर्वोत्कृष्ट महिला फुटबल खेलाडी सम्मान प्राप्त गरेकी छन् । योङ स्टार फाउण्डेसनले प्रीतिलाई सर्वोत्कृष्ट महिला फुटबल खेलाडी सम्मान गरेको हो ।

उनलाई सम्मानसँगै नगद १ लाख प्रदान गरिएको थियो । योङ स्टार फाउण्डेसनका अध्यक्ष मोहन विक्रम सिंहले प्रीतिलाई सम्मान र अवार्ड प्रदान गरे ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरेको एन्फा वुमन्स लिगमा गरेको उत्कृष्ट प्रदर्शनको आधारमा प्रीतिलाई सम्मान गरिएको आयोजकले जनाएको छ । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) सँगको सहकार्य सर्वोत्कृष्ट खेलाडी छनोट गरिएको हो ।

सम्मानित भएपछि प्रीतिले एकदमै खुशी लागेको र यसलाई शब्दमा बयान गर्न नसकिने प्रतिक्रिया दिइन् । उनले आफूलाई गाईड गर्न सही मार्ग निर्देशक पाएकोले नै आफू यो स्थानमा आईपुगेको भन्दै एकदमै खुशी व्यक्ति गरिन् । प्रीति राईले एपीएफलाई महिला लिगको यपाधि जिताउन महत्वपूर्ण प्रदर्शन गरेकी थिईन् । उनी राष्ट्रिय टिम र एपीएफको महत्वपूर्ण सदस्यको रुपमा छन् ।

योङ स्टार फाउण्डेसनका अध्यक्ष मोहन विक्रम सिंहले महिला खेलाडीलाई सम्मान गर्ने उद्देश्यका साथ यो सम्मान कार्यक्रम सुरु गरिएको बताए । सम्मान कार्यक्रममा नेपाली फुटबलका पुराना खेलाडीहरू, महिला राष्ट्रिय फुटबल टिमका पहिलो कप्तान रमा सिंह लगायत उपस्थित थिए ।

*(स्रोत: अनलाइनखबर)*

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना